# Statement of Informed Consent for Women's Time Use Survey

**For the Interviewer:** You are required to read out the following statement to all interviewees so that they are able to understand it very clearly and you are required to get their consent prior to starting the interview.

Namaste! My name is ____________. I work for the Institute for Social and Environmental Research-Nepal, Fulbari Chitwan. The institute has been conducting various research programs that focus on changes on household consumption and agricultural practices and the impact of those changes on the lives of people and on the environment, here in Chitwan since 1995. Today I am here to collect information regarding **Women's Time Use**, a part of the study on **Labor Outmigration, Agricultural Productivity and Food Security**. This study is a joint collaboration between the Institute for Social and Environmental Research-Nepal, Fulbari and the University of Michigan, USA. The purpose of the Women's Time Use Survey is to understand the impact of labor outmigration on women's time use in various household activities including farming. Now I am here to collect information on women's time use in various activities in a day, in a week and in a month using a women's time use calendar.

This interview will take about 15 minutes. This interview is entirely voluntary, but in order to make this research successful your cooperation is highly important. If you would not like to answer any question then please let me know and I will ask you another question or if you do not want to continue the interview at any point please let me know I will stop the interview.

Your individual responses will be kept confidential. Any identifying information you provide will be kept separately from your answers and your answers will be stored in a secure data repository for analyses by the researchers only. Furthermore, after answering the survey/questionnaire you also have the right to refuse having your responses added to the data repository, and to request that your data be destroyed. We believe there are no risks to you from taking part in this study. This study will help us understand the impact of labor outmigration on agricultural productivity in migrant-sending areas.

If you want to know more about this research or about your participation in this research, you can contact at the Institute for Social and Environmental Research-Nepal. If you have further questions about this research, you may contact the Principal Investigator Dr. Dirgha Ghimire at the Institute for Social Research. If you have questions about your rights as a research participant, or wish to obtain information, ask questions or discuss any concerns about this study with someone other than the researcher(s), please contact the University of Michigan Health Sciences and Behavioral Sciences Institutional Review Board, 2800 Plymouth Rd. Building 520, Room 1169, Ann Arbor, MI 48109-2800, 001+734-936-0933.

Lastly, we are grateful for your valuable time and cooperation at this time and also look forward to talking with you again in the future.

Contact Addresses:

Institute for Social and Environmental Research-Nepal
Fulabri, Chitwan
Phone: +977+56-591054
Email: iser.nepal@outlook.com

Dr. Dirgha Ghimire
Institute for Social Research
The University of Michigan
Ann Arbor, MI 48109, USA
Phone: 734-936-3125
Email: nepdjg@umich.edu

INTERVIEWER: PLEASE VERIFY THAT RESPONDENT HAS GIVEN INFORMED CONSENT

☐ PERMISSION FOR SELF GRANTED

I will now start to ask you questions, please share your thoughts.

# महिलाहरुको समय उपयोग सम्बन्धि जानकारी संकलन गर्न उत्तरदाता संग जानकारी लिने अनुमति पत्र

**अन्तरवार्ता लिनेको लागि:**
**तलको भनाई अनिवार्य रुपले उत्तरदाताले प्रष्ट बुझ्नेगरी पढेर सुनाउनुहोस् र वहाँको अनुमती लिएर मात्र अन्तरवार्ता लिन शुरु गर्नुहोस् ।**

नमस्कार ! मेरो नाम ........................ हो । म सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल, फूलबारीमा काम गर्दछु । यस संस्थाले २०५१ सालदेखि चितवनमा खेतीपाती, कृषि प्रविधिको प्रयोग, कृषि उत्पादन तथा उपभोगमा के कस्ता परिवर्तनहरु भैरहेका छन्, र ति परिवर्तनहरुबाट यहाँको बासिन्दाहरुको जीवन शैली तथा वातावरणीय अबस्थामा के कस्ता प्रभाब परेका छन् भन्ने विषयमा अध्ययन अनुसन्धानहरु गर्दै आईरहेको छ । अहिले म सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था-नेपाल, फूलबारी र मिचिगन विश्वविद्यालयद्वारा संयुक्त रुपमा संचालित **बैदेशिक रोजगारी, कृषि उत्पादकत्व तथा खाद्य सुरक्षा सम्बन्धी अध्ययन** अन्तर्गत बिभिन्न काममा **महिलाहरुको समय उपयोग** सम्बन्धि जानकारी संकलन गर्न आएको छु । श्रम गर्न सक्ने उमेरका मानिसहरु नेपाल बाहिर जादा घरमा भएका महिलाहरुको खेतीपाती लगाएत विभिन्न काममा सहभागिता र समयको उपयोगमा के कस्तो प्रभाव परेको छ भन्ने कुरा अध्ययन गर्नु यो अध्ययनको एउटा उदेश्य हो । यसै शिलशिलामा यस पटक म खेतीपाती लगाएत विभिन्न काममा तपाईको आफ्नो सहभागिता र समयको उपयोग सम्बन्धि जानकारी संकलन गर्न आएकोछु ।

यो अन्तरवार्ता पुरा गर्न अन्दाजी १५ मिनेट जति लाग्छ । यो अन्तरवार्ता पूर्णतया स्वैच्छिक छ, तर पनि यस अध्ययनलाई सफल बनाउन तपाईको सहयोग अत्यन्तै महत्वपूर्ण हुन्छ । यदि तपाईहरुलाई कुनै प्रश्नको जवाफ दिन मन लागेन भने मलाई भन्नुहोस्, म अर्को प्रश्न सोध्नेछु । अथवा कुनै समयमा तपाईलाई अन्तरवार्ता नै बन्द गर्न मन लाग्यो भने मलाई भन्नुहोस्, म अन्तरवार्ता लिन बन्द गर्नेछु ।

तपाईले दिनुभएको जानकारी व्यक्तिगत गोपनियता नखुल्ने गरी सुरक्षित राखिनुका साथै बिष्लेशण गरिनेछ भन्ने कुरा तपाईलाई के आश्वस्त पार्न चाहन्छु । तपाई र तपाईको परिवारको पहिचान हुने सबै किसिमका जानकारी अन्य जानकारीहरुबाट छुट्टयाएर बिशेष सुरक्षा भएको तथ्याङ्क राख्ने ठाउँमा राखिनेछन् । तपाईले दिनुभएको अन्य जानकारीहरुमा तपाईको घरधुरीको संकेताङ्क मात्र राखिनेछ र ती जानकारीहरु व्यक्तिगत पहिचान नहुने गरी सामुहिक रुपमा विश्लेषण गर्नको लागि अनुसन्धानकर्तालाई उपलब्ध गराइने छ । तपाईले जानकारी दिईसकेपछि पनि यदि तपाईले दिएको जानकारी राख्न दिन मन लागेन भने मैले दिएको जानकारी फालिदिनुहोस भनेर हामीलाई भन्न सक्नुहुनेछ । यस अध्ययनमा भाग लिएर तपाई र तपाईको परिवारलाई कुनै किसिमको हानी हुदैन भन्ने हाम्रो विश्वास छ । यस अध्ययनबाट सङ्कलित जानकारीहरुबाट श्रम गर्न सक्ने उमेरका मानिसहरु नेपाल बाहिर जादा र बाहिरबाट रेमिट्यान्स आउदा यहाँको कृषि उत्पादकत्व, कृषिमा महिला सहभागिता, कषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग अथवा कृषि छोडेर अन्य पेशामा लाग्ने चलनमो के कस्ता प्रभाव परेको छ भन्ने अध्ययन गर्न सहयोग पुग्नेछ ।

तपाईलाई यस अध्ययन सम्बन्धि वा यस अध्ययनमा तपाईको सहभागिताको बारेमा अरु बढी जान्न मन लागेमासामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाको कार्यलयमा तथा यस अध्ययनको प्रमुख अनुसन्धानकर्ता डा. दीर्घ जिवि घिमिरेसंग तलको ठेगानामा सम्पर्क गर्न सक्नुहुनेछ । साथै उत्तरदाताको अधिकारको बारे, अध्ययन बारेमा थप जानकारी लिन मन लागेमा, वा अध्ययनको बारेमा अनुसन्धानकर्ता भन्दा अरु सगं कुनै प्रश्न शोधन वा छलफल गर्न मनलागेमा मिचिगन विश्वविद्यालयको स्वास्थ्य तथा ब्यबाहारकि विज्ञान, संस्थागत मूल्याङ्कन बोर्डको २८०० प्लिमथ सडक स्थित भवन नम्बर ५२० कोठा नम्बर ११६९, एन आरबर मिचिगन ४८१०९-२८०० स्थित कार्यलयमा वा कार्यलयको फोन नम्बर ००१ ७३४-९३६-०९३३ मा सम्पर्क गर्नु होला ।

अन्त्यमा, तपाईको अमूल्य समय र सहयोगको लागि धेरै धेरै धन्यवाद । फेरि फेरि पनि हामी तपाईसंग यस्तै सहयोगको आशा राख्दछौ ।

सम्पर्क ठेगानाहरु:

सामाजिक तथा वातावरणीय अनुसन्धान संस्था नेपाल
फूलवारी, चितवन
फोन ०५६-५९१०५४
इमेल: iser.nepal@outlook.com

डा. दीर्घ घिमिरे
सामाजिक अनुसन्धान संस्था, मिचिगन विश्वविद्यालय
४२६ थम्पसन स्ट्रिट
एन आर्वर, मिचिगन ४८१०६, अमेरीका
फोन: ००+१+७३४-९३६-३१२५
इमेल: nepdjg@umich.edu

अन्तरवार्ताकारको लागि: उत्तरदाताले आफुसंग जानकारी लिन अनुमति दिनु भयो भने तलको बाकसमा चिन्ह लगाउनुहोस् ।

☐ आफुसंग जानकारी लिन अनुमति दिनुभएको

अब म प्रश्नहरु सोध्न शुरु गर्छु तपाईको घरपरिवारको बारेमा जानकारी बताई दिनुहस् है त ।